नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २४६ २०८२ साल बैशाख १९ गते शुक्रबार (2 May 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सेनाको वन्यजन्तु संरक्षणमा ... ३ पृष्ठमा : सरकार र शिक्षक महासंघबीच... ३ पृष्ठमा : भारतले आफ्नो अर्को ...

# संघर्ष समितिले नगरका चौक, पसल र घर घरमा कालो झण्डा झुण्ड्याए



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

आन्दोलनरत नगरवासीद्वारा गठित संघर्ष समितिले बिहीवार आ-आफ्नो घर पसलमा कालो झण्डा झुण्ड्याएर विरोध प्रकट गरेका छन् ।

राजविराज नगर क्षेत्रको बिटौरी र ब्लक जग्गाको लालपुर्जाको माग सहित विभिन्न ८ बुँदे माग अघि सार्दै गठित संघर्ष समितिले दोश्रो चरणको आन्दोलन अन्तरगत सो कालो झण्डा झुण्ड्याएर यसरी विरोध प्रकट गरेका हुन् ।

संघर्ष समितिका संयोजक इर्साद अन्सारी, नागरिक अगुवा अर्जुन प्रसाद साह, संघर्ष समितिका प्रवक्ता अनिल देव लगायतको अगुवाईमा बिहानैदेखि नगरका सार्वजनिक स्थलहरुमा समेत कालो झण्डा झुण्ड्याइएको छ ।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेन रोड तथा भित्री सडकको दाया बाया रहेका ५ हजार २ सय परिवार वर्षौंदेखि लालपूर्जा नपाएको र नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट विगत ८ वर्षदेखि रोक्का प्रक्रिया बन्द गरिएपछि मार्कामा परेका छन् ।

जग्गावापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास तथा विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन् ।

संघर्ष समितिले बिटौरी र ब्लक जग्गाको लालपूर्जाका साथै राजविराज बस पार्क अविलम्ब संचालन, राजविराज हटियामा निर्माणाधिन व्यवसाय कम्प्लेक्सको निर्माण कार्य अविलम्ब सम्पन्न गरी व्यवसायीलाई हस्तानान्तरण, सप्तरीको सिमा नाका क्षेत्रमा वर्षौंदेखि बन्द रहेको छोटी भन्सार कार्यालयहरुको पुनसंचालन लगायतको ८ बुँदे माग अघि सार्दै दोश्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको छ ।

आन्दोलनका कार्यक्रम अनुसार बिहीवार नगरभरी कालो झण्डा झुण्ड्याउने कार्यक्रम सम्पन्न गरिएको छ भने बैशाख १९ गते शुक्रवार स्थानीय गजेन्द्र चौकमा ८ बुँदे मागका पक्षमा हस्ताक्षर संकलन अभियान, बैशाख २१ गते आइतवार नापी कार्यालयमा धारणा र बैशाख २२ गते सोमवार राजविराज नगरपालिकामा धर्ना दिई कामकाज ठप्प पार्ने घोषणा गरेको छ ।

यस्तै बैशाख २४ गते बुधवार संघर्ष समितिको बैठक

*बाँकी अन्तिम पृष्ठमा*

# पर्यटन प्रवर्धन र विकासका लागि पर्यटन बोर्ड छिट्टै गठन हुँदैछ : मन्त्री अली



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री शकिल अलि मियाँले मधेश प्रदेशमा पर्यटन प्रवर्धन र विकासका लागि पर्यटन ऐन आईसकेकोले अब सरकारले छिट्टै नियमावली ल्याएर बोर्ड गठन गर्ने र यसबाट प्रदेशको पर्यटन विकासमा टेवा पुग्ने बताएका छन् ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशले सप्तरीको राजविराजमा बिहिबार आयोजना गरेको "स्थानिय सरकार, मधेश प्रदेश सरकार पर्यटन व्यवसायी र सरोकारवालाबीचको बैठक तथा अन्तरक्रिया अवलोकन एवं प्रचारप्रसार कार्यक्रम" मा बोल्दै मन्त्री अलीले यस्तो कुरा बताएका हुन् ।

उनले मधेश प्रदेशको ८ वटै जिल्लामा पर्यटन विकास गर्न सरकारले काम गरिरहेको जानकारी दिदै भने, "पर्यटन ऐन र नियमावली बनिसकेको छ र छिट्टै पर्यटन बोर्डको गठन हुदैछ ।"

मधेश सरकारले ८ वटै जिल्लामा पर्यटन विकासका लागि ऐतिहासिक तथा धार्मिक महत्व बोकेका स्थलहरुको संरक्षण सम्वर्द्धनका लागि विगतमा पनि बजेट दिएको र आउदो आर्थिक बर्षमा समेत बजेट विनियोजन गर्ने उनको भनाई थियो ।

सरकारको एकल प्रयासबाट मात्र पर्यटन विकास सम्भव नहुने भन्दै उनले यसमा निजी क्षेत्र तथा सरोकारवाला सबैको सहयोग आवश्यक रहेको बताए ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको अध्यक्षतामा

*बाँकी अन्तिम पृष्ठमा*

# जसपा केन्द्रिय सदस्य डा. बबीले पेस्तोल पड्काएपछी ...

**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालकी केन्द्रिय सदस्य डा. बबीसिंह यादवले पेस्तोल पड्काएको एक भिडियो सामाजिक संजालमा भाइरल भएपछी बिहीवार राष्ट्रिय तथा अन्तरीष्ट्रिय मिडियामा यसको निकै चर्चा भएको छ ।

यस सन्दर्भमा प्रहरीले समेत चासो देखाएर अनुसन्धान सुरु गरेको छ । प्राप्त जानकारी अनुसार डा. सिंहले आफन्तको विवाहको हल्दी मेहन्दीमा पड्काएको पेस्तोल 'नक्कली' रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको बताएको छ ।



सप्तरीको बोदेबरसाइन नगरपालिका ५ घर भएकी नेतृ यादवले सर्लाहीको मलङ्वा नगरपालिका ५, भाडसरमा आएर विवाहको हल्दी मेहन्दीमा पेस्तोल पड्काएको भिडियो बुधबार रातीदेखी टिकटिक र अन्य सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ ।

सो विवाह समारोहमा अन्य केही आफन्तसँग नाच्दै गर्दा यादवले पेस्तोल पड्काएको भिडियो भाइरल भएपछि उनलाई बिहीबार सप्तरी प्रहरीले जिल्ला प्रहरी कार्यालय राजविराजमा बोलाएर सोधपुछ गरेको छ । त्यसक्रममा यादवले उक्त पेस्तोल सर्लाहीमा आफन्तको विवाहमा आउँदा पड्काएको स्वीकार गरेपछि सप्तरी प्रहरीले सर्लाही प्रहरीलाई जानकारी गरायो ।

सो पेस्तोल र बारुद बिहीबार दिउँसो जिल्ला प्रहरी

*बाँकी तीन पृष्ठमा*

# तीन वर्षभित्रै सुकुम्बासी, अव्यवस्थित बसोबासी समस्याको समाधान हुन्छ : अध्यक्ष रिजाल



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

भूमि समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजालले तीन वर्षभित्रै सुकुम्बासी, अव्यवस्थित बसोबासी समस्याको समाधान हुने बताएका छन् ।

राजविराजमा बिहीबार आयोजना गरिएको भूमि समस्या समाधान सम्बन्धी

*बाँकी तीन पृष्ठमा*

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
– CC Camera को निगरानीमा पठनपाठन गराइने ।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**

Wisdom School, Rajbiraj 2

**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### शिक्षा र चुनौती

शिक्षा राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने कुरा सर्वमान्य छ । तर, सप्तरी जस्तो जिल्ला जहाँ सामाजिक, आर्थिक र भौगोलिक विविधिता उच्च छ, त्यहाँ शिक्षाको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ । सरकारी तथा निजी दुवै तहका विद्यालयहरू सञ्चालनमा छन् तापनि गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु, विद्यालयको पूर्वाधार कमजोर हुनु, दक्ष शिक्षक अभाव, र गरिबीका कारण विद्यार्थीहरूको नियमितता कमी हुनु जस्ता समस्या यहाँ विद्यमान छन् । जिल्लाका अधिकांश ग्रामीण क्षेत्रमा शिक्षालयहरूको अवस्था निकै कमजोर छ । विद्यालय भवनहरू जीर्ण छन्, शौचालय, खानेपानी, खेलमैदानजस्ता आधारभूत पूर्वाधारको अभाव छ । अझ, डिजिटल युगमा प्रवेश गरिरहेको आजको यथार्थमा सूचना प्रविधिको प्रयोग शिक्षा क्षेत्रमा न्यून मात्र देखिन्छ ।

यसैगरी, विद्यार्थीहरूको गिरिरहेको शैक्षिक उपलब्धि, शिक्षकहरूको न्यून प्रेरणा, र अभिभावकहरूको शिक्षा प्रतिको न्यून सरोकारले समस्या थप जटिल बनाएको छ । छोरीहरू विद्यालय जानबाट वञ्चित हुने, विपन्न समुदायका बालबालिकाले विद्यालय छोड्ने दर उच्च हुनुजस्ता समस्या अझै पनि सामान्य छन् । यी चुनौतीहरूको सामना गर्न अब शिक्षा क्षेत्रलाई पुनः व्यवस्थित र आधुनिक बनाउने दिशामा ध्यान केन्द्रित गर्नु जरुरी छ ।

तसर्थ जिल्लालाई समृद्ध बनाउन शिक्षा क्षेत्रमा आमूल सुधारको आवश्यकता छ । अब शिक्षा केवल किताबी ज्ञानमा सीमित नभई व्यवहारिक, जीवनोपयोगी र समावेशी हुनुपर्छ । समृद्धि र समानताको सपना साकार पार्न शिक्षा पहिलो प्राथमिकता बन्नुपर्छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सेनाको वन्यजन्तु संरक्षणमा ५० वर्ष

**नारायण न्यौपाने**

कसरा (चितवन), १८ वैशाख (रासस) । प्रकृति र वन्यजन्तु संरक्षणमा साझेदारी र सहकार्य गरिँदा महत्वपूर्ण उपलब्धि हाँसिल गर्न सकिन्छ भन्ने गतिलो उदाहरण पछिल्ला दशकमा नेपालले प्रस्तुत गरेको छ । उसो त नेपालले वन संरक्षण गर्न समुदायलाई नै हस्तान्तरण गर्ने नीति अर्थात् सामुदायिक वनको अवधारणालाई विश्वका कयौँ देशले अनुसरण गरेका छन् ।

प्रकृति र वन्यजन्तु संरक्षणमा वन तथा वातारण मन्त्रालय, नेपाली सेना र स्थानीयवासीको सामूहिक सहकार्य, समन्वय र प्रयासले गर्दा विश्वमै लोपोन्मुखको सूचीमा रहेको पाटेबाघ, एक सिङ्गे गैँडा, बाह्रसिङगाजस्ता जङ्गली जनावरको सङ्ख्या पछिल्लो एक दशकभित्रै दोब्बर भएका छन् ।

नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले भन्नुभयो,“संसारमै लोपोन्मुखको सूचीमा रहेका पाटेबाघ, एक सिङ्गे गैँडा, बाह्रसिङगाजस्ता जनावरको सङ्ख्या पछिल्लो एक दशकभित्रै दोब्बर पुऱ्याउन सफल भएको छौँ । यो हाम्रो लागि ऐतिहासिक उपलब्धि हो । साझेदारी र सहकार्य मार्फत् प्रकृति र वन्यजन्तु संरक्षण गरिँदा महत्वपूर्ण उपलब्धि हाँसिल गर्न सकिँदो रहेछ भन्ने यो गतिलो सिकाइ हो ।”

उहाँका अनुसार सेनाले ‘वन र वन्यजन्तु सबैको लागि’ भन्ने नाराकासाथ प्रकृति संरक्षणमा वन तथा वातावरण मन्त्रालय र स्थानीयवासीसंग सहकार्य गरेको ५० वर्ष भएको छ । विसं २०३२ मा तत्कालीन सरकारले सेनालाई प्रकृति संरक्षण गर्न सुरक्षाको जिम्मेवारी दिएको थियो ।

यसअवधिमा सेना, राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती व्यवस्थापन समितिबीचको सहकार्य प्रकृति र वन्यजन्तु संरक्षणका क्षेत्रमा नमूना सावित भएको छ । उहाँले भन्नुभयो,“निजामती प्रशासन र सैनिकबीच राष्ट्रिय निकुञ्जको बजेट, योजना, कार्यक्रम, रणनीतिका लागि भइरहेको सहयोग, समन्वय र सहकार्यबाट नै राष्ट्रिय निकुञ्जमा लक्ष्य प्राप्तिमा सफलता मिलेको छ । अन्य क्षेत्रमा यो विरलैछ ।”

पहिलो राष्ट्रिय निकुञ्जकारुपमा विसं २०३० मा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएको हो । यद्यपि विसं २०१८ देखि सेनाबाट गैँडा जस्ती सुरु गरिएको थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९ र मन्त्रिपरिषदबाट विसं २०६७ मा पारित स्थायी कार्य सञ्चालन विधिमा राष्ट्रिय निकुञ्ज, आरक्षण र संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको सुरक्षाका लागि सरकारले आवश्यक व्यवस्था मिलाउने छ,भन्ने उल्लेख भएअनुसार निकुञ्जको सुरक्षामा सेनालाई तैनाथी गरिएको हो ।

हाल त्यस्ता २० संरक्षित क्षेत्र ३३ जिल्लामा फैलिएको र त्यसको सुरक्षाका लागि सेनाका आठ गण, सात अनाश्रित गुल्म र एक प्रकृति शिक्षालय गरी करिब आठ हजार सुरक्षा फौज तैनाथ रहेको जनाइएको छ ।

त्यसक्रममा प्रकृति संरक्षण कार्यमा तैनाथ भएपश्चात् सेनाका ११६ जना सकल दर्जाले वीरगति प्राप्त गरेका नेपाली सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालयले जनाएको छ । मानव र वन्यजन्तु द्वन्दका कारण चालु आर्थिक वर्षमा मात्र विभिन्न जङ्गली जनावरको आक्रमणमा परी २१ जनाको मृत्यु हुनका साथै ५४ जना घाइते भएकामा नेपाली सेनाका सकल दर्जाका सङ्ख्या आठ छ । त्यस्ता संरक्षित क्षेत्रले मुलुकको कूल भू-भागको २३.३९ अर्थात ३४ हजार ३२४ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ ।

वन तथा वातावरण मन्त्रालयक अनुसार चितवन, बर्दिया, खप्तड, पर्सा, रारा, लामटाङ, शिवपरी- नागार्जुन, सगरमाथा, बाँके, मकालु-बरुण, शुक्लाफाँटा र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज छन् भने, कोशी टप्पु वन्यजन्तु र ढोरपाटन शिकार आरक्षण क्षेत्रका रुपमा छ । त्यस्तै संरक्षण क्षेत्रका रुपमा अन्नपूर्ण, कञ्चनजङ्घा, मनास्लु, कृष्णसार, अपिनप्पा, गौरीशङ्कर आरक्षण क्षेत्र हुन्,भने चितवन, बर्दिया,शे-फोक्सुण्डो, खप्तड, रारा, लामटाङ, शिवपुरी नार्गाजुन, बाँके, मकालुबरुण, शुक्लाफाँटा, कोशी टप्पु, सगरमाथा र पर्सा गरी १३ मध्यवर्ती क्षेत्रका रुपमा छन् ।

सेना संरक्षित क्षेत्रभित्रका सम्पूर्ण धार्मिक तथा पर्यटकीय सम्पदा, सरकारी कार्यालय तथा अन्य भौतिकपूर्वाधारको संरक्षण र सुरक्षामा सेना अहोरात्र खटिएको छ । सेनाले निकुञ्जको सुरक्षा र चोरी शिकारी नियन्त्रण गर्न छोटो, मध्यम र लामो दुरीका गस्ती, एम्बुस, सर्च एण्ड स्वीपसहित चेतनामूलक कार्य गर्दैआएको छ ।

त्यस क्रममा १८ हजार ६३० जनालाई जनचेतनामूलक तालिम प्रदान गरिएको सेनाले जानकारी दिएको छ । निकुञ्ज तथा आरक्षण क्षेत्रको धरातलीय अवस्था र स्थान विशेषकाआधारमा सवरी साधन, हात्ती, डुङ्गा, साइकल, मोटरसाइकल र अरु साधनबाट सेनाले गस्ती गर्दैआएको छ । चालु आर्थिक वर्षमा सेनाले गस्तीका क्रममा ११ थान हतियार, एक हजार चार सय ६७ पासो, एक हजार ५६५ घरेलु औँजार, २५२ सवारी साधन र १० वटा आखेटोपहार बरामदको छ ।

निकुञ्ज तथा आरण क्षेत्रको प्रभावकारी सुरक्षाका लागि विभिन्न समयमा ‘हण्ट’ र ‘महाहण्ट’जस्ता अभियान सञ्चालन गर्दैआएको छ । सोही क्रममा ठिक समयमा असरदार गस्ती, प्रभावकारी दृष्टि, सिसी क्यामेरा, स्पाई क्यामेरा, ड्रोन र भेइकल ट्र्याकिङसमेत सञ्चालन गरिएको छ । नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको पहल र प्रयासको परिणामस्वरुप केही दशकभित्रै लोपोन्मुख वन्यजन्तुको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ ।

सन् २००९ मा १२१ को सङ्ख्यामा रहेको पाटो बाघ सन् २०२२ मा आइपुग्दा ३५५ भएको छ । त्यस्तै सन् २००५ मा ४०० को सङ्ख्यामा रहेको एक सिङ्गे गैँडा हालको सङ्ख्या ७५२ पुगेको छ । नेपालमा हात्तीको सङ्ख्या १२० भन्दामाथि छ भने हिउँ चितुवा ३९७ र अर्ना ४४१ रहेको अनुमान गरिएको छ ।

**चितवन राष्ट्रिय निकुञ्ज : शून्य चोरी सिकारी**

यसैबीच, अहिले चितवन राष्ट्रिय निकुञ्ज ५२९ दिनदेखि शून्य चोरी सिकारीको अभ्यासमा रहेको त्यहाँ तैनाथ नयाँ गोरखनाथ गणका गणपति शिवराम बस्नेतले जानकारी दिनुभयो । तीन प्रदेशका चार जिल्ला फैलिएको चितवन ९५२ वर्ग किलोमिटरमा फैलिएको छ, भने त्यसको बफर जोन ७२९.३७ वर्गकिलोमिटर छ ।

त्यसक्षेत्रमा नेपाल भारत सीमा स्तम्भ सात वटा जंगेसहित २७ वटा रहेको छ । चितवनमा हालसम्म १८ वटा यूनिट तैनाथ रहेको छ । त्यसका लागि अहिले आठ सय जनशक्तिले ६० वटा आउट पोष्टमार्फत कार्य जिम्मेवारी सम्हाली रहेको छ । त्यहाँ तैनाथ रहेका सेनाले गत वैशाख १० देखि यो वर्षको वैशाख १५ गतेसम्म ८४ हजार ६०६ पटक सञ्चालन गरेको गस्तीमा १० लाख ९६ हजार ९५२ किमी दुरीको यात्रा भएको थियो । त्यसमा तीन लाख ५२ हजार ८० जना व्यक्ति गस्तीमा सहभागी भएको नयाँ गोरखनाथगण कसरा ब्यारेकले जानकारी दिएको छ । हाल दैनिक २१५ भन्दा बढी गस्ती हुने गरेको छ ।

चितवन राष्ट्रिय निकुञ्जमा सुरक्षाका लागि काठका २८, पक्की १४ र जीर्ण मचान ९ छन् । हालसम्म प्रकृति संरक्षणका दौरानमा सो निकुञ्जमा मात्र सेनाका ४४ जना सकल दर्जाले वीरगति प्राप्त गर्नुभएको छ ।

विश्व सम्पादा सूचीमा सूचीकृत घाँसे मैदानसहित दुर्लभ वन्यजन्तुको उल्लेखनीय विविधता रहेको चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा हात्ती र गैँडा तथा गोही प्रजनन केन्द्रको अवलोकनमा स्वदेशी तथा विदेशी पर्यटक बाक्लोरुपमा आउने गरेको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत गणेश पन्तले जानकारी दिनुभयो । बाघको सुरक्षा, बासस्थान व्यवस्थापन र आहरा प्रजातिको उपलब्धताका आधारमा चितवन राष्ट्रिय निकुञ्ज सन् २०१५ मा बाघ पाइने देशमध्ये पहिलो राष्ट्रिय निकुञ्जकारुपमा पुरस्कृत भएको उहाँले जानकारी दिनुभयो । जैविक विविधताका हिसाबले चिनवन राष्ट्रिय निकुञ्जमा ४० भन्दा बढी प्राकृतिक ताल, रिउ, राप्ती र नारायणी नदी प्रणाली र वन तथा घाँसे मैदानका विभिन्न प्रकार छन् ।

कसरा, माडी, सौरहा र अमलटारीबीचमा रहेको यस निकुञ्ज क्षेत्रमा १२८ वटा बाघ, ४५ हात्ती, ३८८ चौरी गाई, ६९४ घडियाल गोही, स्तनधारी ७०, चरा ५४६, सरीरसृप र उभयचर ४९ माछा १२० प्रजातीका पाइन्ने पनि जानकारी दिइयो ।

यसक्षेत्रका सुरक्षाका लागि नेपाली सेनाका १७, निकुञ्ज र सेनाका संयुक्त ३४ र निकुञ्जका कर्मचारी मात्र रहने नौ समेत गरी ६० वटा सुरक्षा पोष्ट रहेको निकुञ्ज कार्यालयले जनाएको छ । निकुञ्जले बासस्थान संरक्षण र व्यवस्थापन, प्रजाति संरक्षण, चोरी शिकारी नियन्त्रण, अध्ययन, अनुसन्धान र अनुगमन, मध्यवर्ती क्षेत्र व्यवस्थापन, संरक्षण शिक्षाप्रदान, पर्यापर्यटन व्यवस्थापन, सांस्कृतिक र धार्मिकक्षेत्रको संरक्षणलाई उच्च प्राथमिकतामा राखेको छ ।

चालु आर्थिक वर्षको चैत महिनासम्ममा निकुञ्जको अवलोकन र भ्रमणका लागि ९२ हजार ८९० नेपाली, १६ हजार ७९८ सार्कमूलुक तथा ७२ हजार ५३९ जना विदेशी यहाँ आएको पनि निकुञ्ज प्रशासनले जनाएको छ । निकुञ्जले यस अवधिमा करिब २३ करोड, ६४ लाख ९९ हजार राजस्व सङ्कलन गरेको छ ।

सौरहास्थित राष्ट्रिय प्रकृति संरक्षण कोषकाका प्रमुख राजकुमार गुरुङले कोषले निकुञ्जलाई सहयोग र वन्यजन्तु उद्धारलाई मूल लक्ष्य राखेर काम गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “कोषले निकुञ्ज क्षेत्रमा पाइने प्राणी तथा जीवनजन्तु सङ्कलन गरी विसं २०५० देखि म्यूजियम सञ्चालन गर्दैआएका छौँ । वार्षिकरुपमा त्यसको अवलोकन गर्न आउनेको सङ्ख्या करिब ५० हजारको हाराहारीमा छ ।”

नेपाली सेना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालयका महासेनानी अजय गुरुङ र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङगानाले पछिल्ला दिनमा मुख्य चुनौती भनेको निकुञ्जवरपरको मध्यवर्ती क्षेत्रमा वन्यजन्तु र मानवबीच द्वन्दको न्यूनीकरण तथा प्रकृति र वातावरण संरक्षणको प्रभावकारी संरक्षणलाई प्राथमिकता दिएर काम गरिहेको बताउनुभयो ।

महासेनानी गुरुङले पर्यटन विकास, स्थानीयको रोजीरोटी र जीविकोपार्जनमा पर्नेसक्ने असरको विषय पनि जोडिएकाले त्यस पाटोमा पनि ध्यान पुऱ्याउनुपर्ने आवश्यकता रहेको बताउनुभयो । प्रकृति संरक्षणजस्तो पवित्र कार्यले नेपालमा मात्र नभइ विश्वकै जैविक विविधता संरक्षणमा अतुलनीय योगदान हुनकासाथै नेपालमा दीगो पऱ्यो पर्यटनमासमेत टेवा पुग्ने नेपाली सेनाको विश्वास छ ।

**हिमाल सफाइ अभियान**

यसैबीच, पछिल्ला वर्षमा सेनाले प्रत्येक वर्ष हाम्रा अनुपम हिमालको सौन्दर्यलाई कायम राख्न सफा हिमाल अभियान सञ्चालन गर्दैआएको छ । नेपालमा हिमालको दृश्यअवलोकन तथा आरोहणका लागि वार्षिक औषत ५४ हजार पर्यटक तथा ८० हजारको सङ्ख्यामा सहयोगी त्यसक्षेत्रको भ्रमण गर्दैआएको तथ्याङ्क छ ।

हिमाली क्षेत्र जलवायु परिवर्तनको असरका हिसाबले अत्यन्त संवेदनशील र विश्व तामक्रम वृद्धिको पहिलो प्रभावित क्षेत्र हो । हिमाली क्षेत्रमा हाल १५ हजारदेखि ३० हजार फोहर तथा ३०० देखि ४०० को सङ्ख्यामा मृत मानव शरीर भएको अनुमान गरिएको छ । नेपालको हिमाली क्षेत्र करिब दुई अर्ब मानिसको पानीको स्रोत मानिदै आएको छ ।

सेनाको अगुवाइमा सन् २०१९ बाट सगरमाथा र ल्होत्सेको सफाइ अभियान सुरु गरिएकोमा हालसम्म पुमरी, मकालु, धौलागिरि, आमदब्लम, कञ्चनजङ्गा, अन्नपूर्ण, मनास्लु, बरुन्चेहुँदै हालसम्म नुप्सेसम्म पुगको छ । त्यो अभियान हिमाल र हिमाली क्षेत्रको सफाइ, दीगो पर्यापर्यटनमा टेवा तथा जिम्मेवार पर्वतारोहणको विश्वव्यापी सन्देशका लागि भएको सेनाले जनाएको छ ।

हालसम्म हिमाल सफाइ अभियानमा सेनाका ११५ र शेर्पा १८० जना परिचालन भई १२ वटा शव र ४ मानव अस्थिपञ्जरसहित कुइने र नकुहिने गरी एक लाख १९ हजार ५६ किलो फोहर सङ्कलन भइसकेको छ ।

# सरकार र शिक्षक महासंघबीच नौ बुँदे सहमति

काठमाडौँ, १८ वैशाख (रासस) ।

सरकार र शिक्षक महासङ्घबीच नौबुँदे सहमति भएको छ । सरकारका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त र महासङ्घका प्रतिनिधिबीच भएको वार्तापछि नौबुँदे सहमति भएको हो । शिक्षामन्त्री पन्तका अनुसार शिक्षकहरूको स्वास्थ्य उपचारका सम्बन्धमा काठमाडौँको निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीलाई सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने सहमति भएको छ ।

अस्थायी प्रकृतिका शिक्षक, राहत, अस्थायी, साविक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ताको बिरामी बिदा सञ्चित हुने र सोबापतको रकम अवकाश भएका बखतमा एकमुष्ट प्राप्त गर्ने जनाइएको छ ।

प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकेबमोजिम व्यवस्था गर्ने, आगामी आर्थिक वर्ष २०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकका लागि निजामती सरह ग्रेड सङ्ख्या र रकम कायम गर्ने सहमतिमा उल्लेख छ ।

स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी, करार साविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने, सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने समति भएको छ ।

नेपाल सरकारको मर्यादाक्रम सूचीमा शिक्षकहरूलाई समावेश गर्ने, नेपाल शिक्षक महासङ्घको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, कर्मचारी तथा पत्रकारहरूको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने तथा निम्न माध्यमिक तह प्रथम श्रेणी का शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षकसरह हुनेगरी कायम गर्ने सहमति भएको छ ।

उक्त सहमतिलाई बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरेको शिक्षामन्त्री पन्तले पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो । उहाँले शिक्षक महासङ्घले भोलि बिहीबारदेखि सङ्घर्षका सबै कार्यक्रम फिर्ता लिएर विद्यालय सञ्चालन गर्ने बताउनुभयो । मन्त्री पन्तले यो सहमति निर्माणमा सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्नुभयो । पत्रकार सम्मेलनमा गृहमन्त्री रमेश लेखकले कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि सुरू हुने भएकाले त्यसलाई सफल बनाउनतिर लाग्न सबै शिक्षकसँग आग्रह गर्नुभयो ।

शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सरकारसँग भएको नौबुँदे सहमतिसँगै बुधबारकै मितिदेखि आमशैक्षिक हड्ताल फिर्ता लिएर विद्यालय भर्ना, परीक्षा सञ्चालनलगायत गतिविधि सुरू गर्न शिक्षक कर्मचारीलाई आग्रह गर्नुभयो ।

उहाँले वार्तामा सहजीकरण गरिदिने विभिन्न राजनीतिक दलका नेता, मन्त्रीहरू, पत्रकार, विभिन्न पेसा व्यवसायका प्रतिनिधिलाई आभार प्रकट गर्नुभयो । सडक सङ्घर्षमा खटिने सम्पूर्ण शिक्षक, कर्मचारीलाई धन्यवाद दिनुभयो । अध्यक्ष सुवेदीले तोकिएकै समयमा माग सम्बोधन नभएको पुनःसङ्घर्षमा जान बाध्य हुने बताउनुभयो ।

विद्यालय शिक्षा विधेयक शिक्षा जारी गराउने उद्देश्यले सडक सङ्घर्ष गरिएको भन्दै उहाँले यो ऐनलाई आगामी असार १५ गतेसम्म प्रतिनिधिसभाबाट पारित हुनेगरी समझदारी बनेको बताउनुभयो । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति र प्रमुख दलका प्रमुख सचेतकहरूबीच हस्ताक्षर भएको जनाइएको छ ।

बाँकी अन्तिम पृष्ठमा

### तीन वर्षभित्रै ...

जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन ।

उनले सुकुम्बासी, अव्यवस्थित बसोबासी समस्याको समाधानका लागि सरकारले तीन बर्षको अवधि तोकेरै आयोग बनाएको उल्लेख गर्दै आयोगले गर्ने काममा सबैले सहयोग गर्नुपर्ने उल्लेख गरे ।

"यही आयोगले सुकुम्बासी र अव्यवस्थित बसोबासीको सबै काम सम्पन्न गर्छ' उनले भने,' त्यहीं भएर काम नगर्ने छुट कसैलाई छैन ।'

सरकारले भूमि आयोगलाई सबै काम सिध्याउन २०८४ सम्मको समय अवधी दिएको भन्दै उनले यो अवधीमा काम सकाउन सबै सरोकारवालाले सहयोग गर्नुपर्ने जिकिर गरे । गौचरन, जंगल, हाट मा पनि वस्ती बसेको उल्लेख गर्दै उनले यो चुनौती पनि रहेको बताए ।

भूमि समस्या समाधान आयोगका मधेश प्रदेश संयोजक आरती भण्डारीले भूमि समस्या देशकै समस्या रहेको बताइन् । सुकुम्बासी हुनु रहर नभई बाध्यता भएको बताउँदै उनले यो समस्या सबै मिली समाधान गर्नुपर्ने बताइन् ।

भूमि समस्या समाधान आयोगका कोशी प्रदेश संयोजक अनिलकृष्ण प्रसाईले भूमिहिन, दलित, अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने आयोगको प्रमुख काम रहेको बताए ।

राष्ट्रको गौरवको योजना हो यसलाई सबै मिलेर सफल बनाउनुपर्ने उनले बताए । यस पटक मिति तोकेरै काम गर्न भनिएकाले २०८४ सम्म काम टुङ्याउन सबैले काम गर्नुपर्ने उनको भनाई थियो ।

भूमि समस्या समाधान आयोग सप्तरीका अध्यक्ष अखिलेश कुमार झाको अध्यक्षतामा आयोजित अभिमुखी कार्यक्रममा स्थानिय सरकारका प्रमुख, सुरक्षा निकायका प्रमुख लगायत सरोकारबालाहरुको उपस्थिति रहेको थियो ।

### जसपा केन्द्रिय ...

कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले वसन्त कुमारका दाइ मलङ्गवा नगरपालिका २, का अन्जनी तिलहरीको घरबाट बरामद गरेको छ ।

यादवले उक्त पेस्तोल यही वैशाख ११ गते सीमावर्ती क्षेत्रस्थित मलङ्गवा नगरपालिका ५, भाडसरका वसन्त कुमारकी छोरी सुप्रिया कुमारीको हल्दी मेहन्दीमा पड्काएको स्वीकार गरेको प्रहरीले जनाएको छ । बबीसिंह यादव वसन्त कुमारको भान्जी हुन् ।

सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले बबीसिंह यादवले उक्त नक्कली पेस्तोलमा बारुद हालेर पड्काएको पाइएको जानकारी दिएका छन् ।

डिएसपी राईका अनुसार बरामद पेस्तोल झट्ट हेर्दा गोली हालेर पड्काउने सक्कली पेस्तोल जस्तै देखिएको र थप पुष्टीका लागि फरेन्सिक परीक्षण गर्न काठमाडौं पठाउने तयारी गरिएको छ ।

नेतृ यादवले आफूले पड्काएको पेस्तोलबाट एक राउण्ड हवाइ फायर गरी धुँवा उडेको भिडियो भाइरल भएपछि फेसबुकमा स्टाटस लेख्दै उक्त घटना भारतमा भएको दाबी गरेकी थिइन् । उनले उक्त पेस्तोल खेलौना भएको यादवले दाबी समेत गरेकी छिन् ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०१/१२

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. १०५ सुबि मंडरको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे लालापट्टी सा.कि.नं. १९६९ को ज.वि. ०-१२-१३ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.वि.स लालापट्टी वडा नं. २ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने मानिक लाल यादवको बुहारी/नाति राम प्रसाद यादवको पत्नी/छोरा किसुन बति देबी यादव-१, दिपेन्द्र कुमार यादव-१, सुरेन्द्र कुमार यादव-१ समेत ३ को यस कार्यालयमा द.नं. १३३६९ मिति २०८०/१०/२५ गतेमा माग निवेदन् परी हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०१/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएका मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वाई नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १९६९ | सुबि मंडर | लालापट्टी | ७ | ११७ | ०-१३-१७ | किसुन बति देवी यादव<br>दिपेन्द्र कुमार यादव<br>सुरेन्द्र कुमार यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो पं. लालापट्टी वाड नं. २ बस्ने झुनरी र राम यादवको नम्बरी हो रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत

## विश्व समाचार

### भारतले आफ्नो अर्को जनगणनामा जातीय विवरण समावेश गर्ने

नयाँदिल्ली, १८ वैशाख (रासस/एपी) ।

भारतले आफ्नो अर्को जनगणनामा जातीय विवरणहरू समावेश गर्नेछ । यो जनगणनाले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देशका लागि व्यापक सामाजिक-आर्थिक र राजनीतिक प्रभाव पार्ने सम्भावना छ । दशकमा एक पटक हुने जनसङ्ख्या सर्वेक्षण सुरुमा सन् २०२१ मा हुने थियो तर मुख्यतया कोभिड-१९ महामारी र प्रबन्धात्मक अवरोधहरूका कारण ढिलाइ भएको छ । सूचनामन्त्री अश्विनी वैष्णवले बुधबार जनगणनामा जातीय जानकारी समावेश गर्ने घोषणा गर्दा जनगणना कहिले सुरु हुनेछ भन्ने बारेमा केही बताउनुभएन । उहाँले यो निर्णयले 'समाज र देशका मूल्य र हितहरूप्रति' नयाँदिल्लीको प्रतिबद्धता देखाएको बताउनुभयो । भारतीय जीवन र राजनीतिमा जातिगत व्यवस्था अझै पनि महत्त्वपूर्ण छ । यद्यपि केही मानिस विकसित अर्थव्यवस्था बन्न चाहने राष्ट्रमा यसको स्थान हुनु हुँदैन भन्छन् । भारतसँग कुनै विशेष जातिमा पर्ने मानिसहरूको सङ्ख्या र उनीहरूको सामाजिक-आर्थिक स्थितिको बारेमा सीमित तथ्याङ्क छ । औपनिवेशिक शक्ति बेलायतले सन् १८७२ मा भारतीय जनगणना सुरु गरेको थियो र सन् १९३१ सम्म सबै जातिको गणना गरेको थियो । यद्यपि, सन् १९५१ देखि स्वतन्त्र भारतले दलित र आदिवासीहरूलाई मात्र गणना गरेको छ । यसलाई क्रमशः अनुसूचित जाति र जनजाति भनिन्छ । अरू सबैको जातिलाई सामान्यका रूपमा चिह्न लगाइएको छ । भारतको प्राचीन सामाजिक पदानुक्रममा मुख्यतया पेशा र आर्थिक स्थितिमा आधारित सयौँ जाति र उपजाति छन् । सन् २०११ को अन्तिम आधिकारिक जनगणनामा एक अर्ब २१ करोड मानिस गणना गरिएको थियो । तीमध्ये २० करोड अनुसूचित जाति र १० करोड ४० लाख अनुसूचित जनजाति थिए ।

सकारात्मक कार्य योजनाहरू तयार गर्न नयाँ गणना प्रयोग गर्न सकिन्छ । भारतले सरकारी जागिर, कलेज भर्ना र गाउँ परिषद्देखि संसद्सम्म निर्वाचित सिटहरू केही वर्गका जातिका लागि आरक्षित गर्दछ । अन्य निम्न र मध्यवर्ती जातिहरूका धेरै तहहरूको कयौँ दशकदेखि आधिकारिक गणना गरिएको छैन तर तिनीहरूले देशको एक अर्ब ४० करोडभन्दा बढी जनसङ्ख्याको लगभग आधा हिस्सा बनाउँछन् । यिनीहरूलाई अन्य पिछडिएका जातिहरू वा ओबिसीका रूपमा मान्यता दिइएको छ र नयाँ जनगणनाले उनीहरूको बढी जनसङ्ख्या देखाउने अपेक्षा गरिएको छ । यसले सरकारी जागिर, भर्ना र कल्याणकारी कार्यक्रमहरूमा कोटाको सीमा बढाउने मागहरू निम्त्याउने सम्भावना छ । भारतको वर्तमान नीतिले समग्र आरक्षण कोटालाई ५० प्रतिशतमा सीमित गर्दछ र यसमध्ये ओबिसी श्रेणीको हिस्सा २७ प्रतिशत छ । जनगणनामा जाति समावेश गर्ने घोषणा भारतको सबैभन्दा गरिब राज्य बिहारमा चुनाव हुनुभन्दा केही महिना अगाडि आएको हो । बिहारमा जाति एउटा प्रमुख मुद्दा हो । प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीले बिहारमा गठबन्धन सरकार चलाएको छ । विपक्षी र मोदीका साझेदारहरू जनगणनामा जाति थप्ने पक्षमा उभिएका छन् र विस्तृत जनगणना गर्न सरकारलाई दबाब दिएका छन् । काङ्ग्रेस पार्टीका विपक्षी नेता राहुल गान्धीले सरकारले जनगणना सुरु गर्न र पूरा गर्न समयसीमा तय गर्न माग गर्नुभयो ।

### ट्रम्पको अमेरिका 'स्वार्थी' छ : पूर्व उपराष्ट्रपति ह्यारिस

सान फ्रान्सिस्को, १८ वैशाख (रासस/एएफपी) ।

पूर्व अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नोभेम्बरको चुनाव हारेपछि आफ्नो पहिलो प्रमुख भाषणमा बुधबार डोनाल्ड ट्रम्प र उहाँका समर्थकहरूको आलोचना गर्नुभएको छ । पराजित डेमोक्रेट ह्यारिसले समर्थकहरूलाई पछिल्ला तीन महिनाको देखिएको 'अराजकता' वास्तवमा कन्जरभेटिभहरूको लामो समयदेखि चाहेको योजनाको प्रतिफल हो भन्दै यसले ट्रम्पलाई संयुक्त राज्य अमेरिकालाई आफ्नै फाइदाका लागि प्रयोग गरिरहेको बताउनुभयो । "वास्तवमा, हामी जे देखिरहेका छौँ त्यो एक उच्च गतिको घटना हो, जहाँ दशकौँदेखि बनाइरहेको एजेन्डाको द्रुत कार्यान्वयनका लागि एउटा माध्यम प्रयोग भइरहेको छ", उहाँले सान फ्रान्सिस्कोमा श्रोताहरूलाई भन्नुभयो, "सार्वजनिक शिक्षामा कटौती गर्ने एजेन्डा, सरकारलाई सङ्कुचित गर्ने र त्यसपछि यसका सेवाहरूको निजीकरण गर्ने एजेन्डा, सबैभन्दा धनीलाई कर छुट दिइरहेका छन्, अमेरिकाको एक साँघुरो, स्वार्थी दृष्टिकोण जहाँ उनीहरूले सत्य बोल्नेहरूलाई दण्डित गर्छन्, वफादारहरूलाई पक्षपात गर्छन्, आफ्नो शक्तिको दुरुपयोग गर्छन् र सबैलाई आफ्नै भरमा छाड्छन् ।" ट्रम्पको सत्तामा पहिलो एक सय दिन आप्रवासनदेखि विदेशी सहायतासम्म सबै कुरालाई सम्बोधन गर्ने कार्यकारी आदेशहरूको चाखलाग्दो शृङ्खलाले चिह्नित गरेको छ । अदालतसँगको भिडन्तसहित लोकतान्त्रिक र संवैधानिक मापदण्डहरू लापरवाहीपूर्वक उल्लङ्घन गर्ने प्रतिशोधात्मक प्रशासन भएको भन्दै आलोचकहरू स्तब्ध भएका छन् ।

ट्रम्पका समर्थकहरूले केही द्रुत परिवर्तनहरूको प्रशंसा गरेका छन्, तर हालैका सर्वेक्षणले देशको बहुमत राजनीतिक र आर्थिक हलचलप्रति विशेष गरी उहाँको बारम्बार परिवर्तन हुने भन्सार शुल्कबाट निराश हुँदै गएको देखाएको छ । सन् २०२६ मा आफ्नो गृहराज्य क्यालिफोर्नियाको गभर्नर पदको दौड वा सन् २०२८ मा ह्वाइट हाउसको सम्भावित दौडका लागि विचार गरिरहेकी ह्यारिस जनवरीमा वासिङ्टन छोडेपछि धेरै हदसम्म चर्चाबाट टाढा रहनुभएको छ । बुधबार उहाँ डेमोक्रेटिक महिलाहरूलाई सार्वजनिक पदका लागि भर्ती र तालिम दिने राजनीतिक संस्था इमर्जडद्वारा सञ्चालित कार्यक्रममा अतिथि वक्ता हुनुहुन्थ्यो । उहाँले भीडलाई ट्रम्पले विपक्षीलाई डराउन चाहेकाले विश्वविद्यालयहरू र अदालतहरूलाई लक्षित गरिरहनुभएको बताउनुभयो । "राष्ट्रपति ट्रम्प, उहाँको प्रशासन र उहाँका सहयोगीहरूले डर सङ्क्रामक हुन सक्छ भन्ने धारणामा भरोसा गरिरहेका छन्", उहाँले भन्नुभयो, "उनीहरू विश्वास गर्छन् कि, यदि उनीहरूले केही मानिसलाई डराउन सके भने, यसले सबैमाथि चिसो प्रभाव पार्नेछ ।" तर उहाँले त्यहाँ न्यायाधीशहरू, शिक्षाविद्हरू, राजनीतिज्ञहरू र साधारण मानिसहरू छन् जो सरकारको विरुद्ध उभिरहेका छन् भन्नुभयो । "डर मात्र सङ्क्रामक कुरा होइन । साहस सङ्क्रामक हुन्छ", उहाँले भन्नुभयो, "यी सबै अमेरिकीहरूको साहसले मलाई प्रेरणा दिन्छ ।"

# श्रमिकहरुको श्रमको सम्मान गर्नुपर्छ : अध्यक्ष मण्डल



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले श्रमिकहरुको श्रमको सम्मान गर्नु आवश्यक रहेको बताएका छन् ।

१३६औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा श्रमको सम्मान राष्ट्रको अभियान नाराको साथ तिलाठी कोईलाडी गाउँपालिकाद्वारा बिहिबार आयोजित अन्तरक्रिया तथा सम्मान कार्यक्रममा बोल्दै अध्यक्ष मण्डलले सो कुरा बताएका हुन् ।

उनले श्रमको शोषण गर्न नहुने बताउँदै श्रमिकको परिश्रमले मात्र समाजको विकास सम्भव रहेको उल्लेख गरे । विराटनगर जुट मिलबाट सुरु भएको श्रमिक आन्दोलनको कारण मुलुकमा प्रजातन्त्र स्थापना भएको उनले बताए ।

समाजको विकासमा श्रमिकको महत्वपूर्ण भूमिका रहेको बताउँदै अध्यक्ष मण्डलले रोजगारीको लागि विदेशिनु र त्यहाँ असुरक्षित रुपले काम गर्नु चिन्ताजनक रहेको बताए ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजित सो कार्यक्रममा ६० जना श्रमिकहरुलाई सम्मान गरिएको कार्यक्रमका सम्पर्क व्यक्ति रतनकुमार मिश्रले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा आयोजित सो कार्यक्रममा वडा अध्यक्षहरु दिनेश्वर मिश्र, रमेश कुमार मुखिया र सत्यनारायण यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत राजु कुमार झासहितकाले मजदुरहरुको श्रमको सम्मान गर्नुपर्ने बताए ।

# श्रमिकहरुको योगदानमा सोचे जस्तो सुधार आउन नसकेकोमा चिन्ता व्यक्त



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

नेपाल ट्रेड युनियन कांग्रेस सप्तरीले "आन्तरिक रोजगारी र समाजिक सुरक्षा हाम्रो अभियान, समाजिक न्याय सहितको समृद्ध राष्ट्रको निर्माण" नारासहित बिहीवार १३६औं श्रमिक दिवस मनाएको छ ।

उक्त नारासहित आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले हरेक तह तप्काका मजदुर र पेशाकर्मीले गरेको योगदानको चर्चा गर्दै उनीहरुको अवस्थामा अझै पनि सोचे जस्तो सुधार आउन नसकेकोमा चिन्ता व्यक्त गरे ।

ट्रेड युनियन कांग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डलको अध्यक्षता तथा नेपाली कांग्रेस सप्तरीका उपसभापति रामकुमार यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नेपाल शिक्षक संघका सचिव राजदेव यादव, नेपाल प्रेस युनियनका सचिव रामानन्द देव, इम्ब्रोडी संघ मधेश प्रदेशका अध्यक्ष कमल परियार, पत्रकार महासंघका पूर्व सभापति व्यासशंकर उपाध्याय लगायतले बोल्दै सामाजिक न्याय सहितको समृद्ध राष्ट्र निर्माणका लागि आन्तरिक रोजगारीमा वृद्धि, श्रमिकहरुको उचित पारश्रमिक, जीवनस्तरमा सुधार तथा समाजिक सुरक्षा लगायतका विषयमा राज्यले उचित ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

# लहान चोकको सहिद स्मारक स्थानान्तरण गरियो

सिराहा, १८ वैशाख (रासस) ।

मधेश आन्दोलनका पाँच सहिदहरूको स्मृतिमा निर्मित यहाँको लहानस्थित मुख्यचोकमा रहेको स्मारक स्थानान्तरण गरिएको छ । उक्त स्मारक करिब दुई सय मिटर दक्षिणतर्फ रहेको तरकारी बजार कम्प्लेक्स भवन अगाडि स्थानान्तरण गरिएको हो ।

सर्वपक्षीय सहमति अनुसार राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत कञ्चनपुर-कमला चार लेन सडक निर्माणलाई गति दिन उक्त स्मारक स्थानान्तरण गरिएको लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चोधरीले जानकारी दिनुभयो । स्मारक स्थानान्तरणको विषय लामो समयदेखि विवादित थियो । गत सोमबार लहान नगरपालिकाको अग्रसरतामा जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी, जनता समाजवादी पार्टी नेपालसहित सरोकारवालाबीच भएको छलफलमा सहमति जुटेको थियो ।

स्मारकमा मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोसहित विजय सहनी, प्रमोद सदा, बेचन यादव र मोहम्मद अनिस अन्सारीको प्रतिमा छ । यिनै सहिदहरूको सम्फनास्वरूप मधेश-प्रदेश सरकारले माघ ५ गते बलिदानी दिवस मनाउँदै आएको छ ।

कञ्चनपुर-कमला सडक विस्तार तथा स्तरोन्नतिका लागि चिनियाँ निर्माण कम्पनी 'चाइना रेलवे-२ इन्जीनीयरिङ ग्रुप'ले ठेक्का लिइ विगत चार वर्षदेखि काम गरिरहेको छ । यस क्रममा लहान बजारको मुख्य चोकमा 'फ्लाइओभर' र 'अन्डरपास' निर्माण गर्न स्मारक समस्या भएको थियो ।

# अपहरणको अभियोगमा नाबालकसहित चार पक्राउ

पर्सा, १८ वैशाख (रासस) ।

कलैया उपमहानगर-१८ का सुधीरप्रसाद साहलाई अपहरण गरेको अभियोगमा एक नाबालकसहित चार जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी सुवास भट्टले अपहरणमा परेका साहको वीरगञ्ज महानगर-१२ मुर्लीस्थित एक घरबाट मङ्गलबार राति उद्धार गरेको तथा अपहरणमा रिकेशकुमार र राजन गुप्ता तथा सखुवाप्रसौनी गाउँपालिकाका सिकेन्द्र साहलाई पक्राउ गरिएको राससलाई बताउनुभयो । हिरासतमा रहेका नाबालखको विवरण भने सार्वजनिक गरिएको छैन ।

पर्सा जिल्ला अदालतबाट बुधबार शरीर बन्धकसम्बन्धी कसुरमा पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति लिइएको सूचना अधिकारी भट्टले बताउनुभयो ।

# स्वास्थ्य बिमा सुविधामा नयाँ व्यवस्था

काठमाडौं, १८ वैशाख (रासस) ।

आफू बसोबास गरेको स्थानमाबाट नै सेवाग्राहीले स्वास्थ्य बिमा सेवा पाउने व्यवस्था भएको छ ।

बुधबारको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य बिमा नियमावली संशोधन गर्ने निर्णय गरेसँगै अब स्वास्थ्य बिमा गरेकाले आफ्नै थातथलोमा लिन सक्ने छन् ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको निजी सचिवालयका अनुसार अब सेवाग्राहीले एक महिनाभित्रमा नै सुविधा उपभोग गर्न पाउने छन् । यसअघि बिमासेवा लिन तीन महिना प्रतीक्षा गर्नुपर्थ्यो ।

# पेट्रोलियम पदार्थको मूल्यो घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ ।

निगमका अनुसार बुधबार १२ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटाएको हो । जसअनुसार पेट्रोलको मूल्य रु दुई, डिजेल र मट्टितेलको रु एक घटेको छ ।

यस्तै, आन्तरिकतर्फको हवाई इन्धनको मूल्य पनि घटाइएको छ । आन्तरिकतर्फको हवाई इन्धनको मूल्य रु एक घटेको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

*पर्यटन प्रवर्धन ..*

आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, पुर्व सिंचाईमन्त्री उमेश कुमार यादव, राजविराज नगरपालिकाका पुर्व मेयर शैलेश चौधरी लगायतले सप्तरीको एतिहासिक तथा धार्मिक महत्व बोकेका स्थलहरुको प्रचारप्रसार, संरक्षण, सम्वर्द्धन तथा विकासमा तिनै तहका सरकारले योगदान दिनु पर्नेमा जोड दिएका थिए ।

*सरकार र शिक्षक ..*

शिक्षक महासङ्घले विसं २०८१ चैत २० देखि काठमाडौं केन्द्रित सडक आन्दोलन गर्दै आएको थियो । बसी आन्दोलनको समिक्षा तथा तेश्रो चरणको आन्दोलनको घोषणा गर्ने संघर्ष समितिले जनाएको छ ।

# प्रदेश सांसद साह भारतमा सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

भारतको मध्यप्रदेशस्थित सियरमउमा बिहीवार साहु समाज समितिद्वारा आयोजना गरिएको ३८औं साहु समाज निःशुल्क सामूहिक आदर्श विवाह सम्मेलनमा प्रदेश सांसद किरण कुमारी साह सम्मानित भएकी छिन् ।

उनलाई "समाज सेवा सम्मान २०२५" बाट सम्मानित गरिएको हो । दाइजो बिनाको आदर्श विवाह गर्न प्रोत्साहन, महिला सशक्तिकरण, समाज रुपान्तरण तथा सामुहिक आदर्श विवाह सम्मेलनलाई सफल बनाउन गरेको योगदानको उच्च कदर गर्दै सांसद साहलाई सम्मान गरिएको आयोजक मध्यप्रदेश तैलीक साहु महासभाका राष्ट्रय अध्यक्ष श्रीमती आभा साहुले जानकारी दिईन ।

कार्यक्रमका मुख्य अतिथि समेत बनाइएकी मधेश प्रदेशका सांसद साहलाई मध्यप्रदेशका राज्यमन्त्री नरेन्द्र शिवाजी पटेल, पूर्व मन्त्री रामपाल सिंह मध्यप्रदेशका विद्यायक रामनिवास जी, देवेन्द्र पटेल, साहु समाजका प्रदेश अध्यक्ष ताराचन्द्र साहु लगायतले मुकुट दोसल्ला तथा समाज सेवा सम्मान २०२५ बाट सम्मानित गरेका छन् ।

साहु समाजका १२ हजार भन्दा बढी अगुवाहरुको उपस्थितिमा भएको सामुहिक आदर्श विवाह सम्मेलनमा आर्थिक अभावका कारण बिहेमा समस्या भएका ३५ जोडीको सामुहिक रुपमै आदर्श विवाह गराइएको छ । सामुहिक विवाहमा सहभागि भएका जोडीलाई आयोजक संस्थाकै खर्चमा बाजागाजा सहित परिक्रमा पश्चात कार्यक्रम स्थलमा सामुहिक विवाह गराइएको छ । उक्त सम्मेलनमा नवविवाहिता जोडीका अभिभावक र आफन्तहरुलाई समेत निःशुल्क भोजनको व्यवस्था गरिएको थियो ।

सम्मेलनमा समाजका प्रदेश अध्यक्ष ताराचन्द्र साहु, वरिष्ठ उपाध्यक्ष सिवदयाल सिमैरया लगायतले पनि शुभकामना दिदै यस्ता विवाहले समाजमा व्याप्त दाईजो प्रथा अन्त्यका लागि मद्दत पुर्याउने विश्वास व्यक्त गरेका थिए । उक्त संस्थाले विगत ३८ वर्षदेखि लगातार सम्मेलनको आयोजना गरी आर्थिक रुपमा पछाडि परेका तथा उमेर पुगेका युवा युवतीलाई भेला गराई सामुहिक रुपमा आदर्श विवाह गराउँदै आएको छ ।

# मधेस बालिका सम्मेलन-२०८२ सुरु

जनकपुधाम,१८ वैशाख (रासस) ।

मधेस बालिका सम्मेलन-२०८२ जनकपुरधाममा सुरु भएको छ ।

बुधबार जनकपुरधाममा 'सक्षम बालिका, समृद्ध मधेस' मूल नारासहित बालविवाहविरुद्ध प्रदेशस्तरीय सञ्जालको आयोजना तथा मधेस प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्रालयको समन्वयमा सुरु भएको हो ।

मधेस प्रदेशका खेलकुद तथा समाजकल्याणमन्त्री प्रमोदकुमार जयसवालले बालिका सम्मेलनको उद्घाटन गर्दै मधेस प्रदेशको कलङ्कका रुपमा रहेको दाइजो, बालविवाह, बोक्सीजस्ता समस्याको समाधानका लागि सामाजिक जागरण फैलाउन जरुरी रहेको बताउनुभयो ।

'सक्षम बालिका, समृद्ध मधेस' मूल नारासहित बालविवाहविरुद्ध प्रदेशस्तरीय सञ्जालको आयोजना तथा मधेस प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्रालयको समन्वयमा सुरु भएको हो ।

मधेस प्रदेशका महिला तथा बालबालिका समितिका सभापति रुपाकुमारी यादवले बालविवाह न्यूनीकरणका लागि छोरा र छोरीबीचको विभेद गर्न नहुने बताउँदै बालविवाह गरेको भए हामीहरुले बहिष्कार गर्न जरुरी रहेको बताउनुभयो ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले बालविवाह न्यूनीकरणका लागि तीनै तहका सरकार मिलेर सशक्त रुपमा अगाडि बढ्न जरुरी रहेको बताउनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका मधेस प्रदेशका कार्यालय प्रमुख बुद्धनारायण साहनीले बालविवाह हुन नहुने पक्षमा मानवअधिकार आयोग दृढ भएको बताउनुभयो ।

मधेस प्रदेशमा हाल ३४ प्रतिशत बालविवाह रहेको छ । पाँच वर्ष अगाडि बालविवाह गर्नेको सङ्ख्या ४२ प्रतिशत रहेकामा हाल घटेको हो ।

*संघर्ष समितिले...*

गत फागुन १७ गते राजविराज बन्द कार्यक्रमको आयोजना गरिएपछि तातेको स्थानीय प्रशासनको आश्वासन पश्चात केही दिनका लागि आन्दोलन स्थगित गरेको संघर्ष समितिले माग पुरा गर्न सरोकारवाला निकाय उदासिन बनेको भन्दै पुनः आन्दोलन शुरु गरेका हुन् ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*